सुर्यगढी गाँउपालिका

# गाँउकार्यपालिकाको कार्यालय

चोकदे, नुवाकोट

बागमती प्रदेश, नेपाल

## करार सेवामा पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/११/०३**

नेपाल सरकार, भूमि सम्बन्धी समस्या समाधान आयोग, भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको स्थानीय तहवाट लगत सङ्कलन सम्वन्धी कार्यविधि, २०७७ को दफा १० र अनुसूची २ बमोजिम सूर्यगढी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७४ को दफा ३ अनुसार देहाय बमोजिमको पदमा करार नियुक्ति गर्नु पर्ने भएको हुँदा यस कार्यालयवाट तोकिएको फाराम भरी इच्छुक नेपाली नागरिकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समयभित्र तपसिल वमोजिमका शर्तहरु तथा वन्देजहरुको अधीनमा रही रीतपूर्वकको आवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद/ तह/श्रेणी | सेवा/समूह | न्यूनतम शैक्षिक योग्यता | पद सङ्ख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०१/२०७८/०७९ | अमिन (चौथो तह वा सो सरह) | इन्जिनियरिङ/सर्भे | मान्यता प्राप्त शिक्षण संस्थावाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ (एक) वर्षको तालिम प्राप्त गरेको | १ (एक) | रु.६००।- | |

शर्तहरु:

१. **पेश गर्नु पर्ने कागजपत्रहरु** : नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि र कार्यानुभव भए सो को प्रतिलिपि निवेदक आफैंले प्रमाणित गरी दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

२. **दरखास्त पेश गर्ने स्थान** : सुर्यगढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चोकदे, नुवाकोट । दरखास्त फाराम र आवश्यक सम्पूर्ण कागजातहरु स्क्यान गरी सुर्यगढी गाउँपालिकाको अफिसियल इमेल suryagadhimun@gmail.com मार्फत समेत पेश गर्न सकिनेछ । इमेल मार्फत दरखास्त पेश गर्ने उम्मेदवारले लिखित परीक्षा दिनु अघि वा लिखित परीक्षामा आउँदा आवश्यक कागजातको प्रमाणित प्रति पेश गर्नु पर्नेछ ।

२०७८/११/०३

प्रमुख प्रशासकीय अधिकृत

३. **दरखास्त दस्तुर** : दरखास्त दस्तुर वापतको रकम यस सुर्यगढी गाउँपालिकाको राजस्व शाखामा बुझाई सोको सक्कल भौचर वा इमेल मार्फत दरखास्त पेश गर्दा यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट बैंक, चोकदे, नुवाकोट शाखामा रहेको सुर्यगढी गाउँपालिका आन्तरिक राजस्व खाता नं. ०६८०१४००२५००६१ म राजस्व दाखिला गरी सोको भौचर स्क्यान गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

४. **दरखास्त दिने अन्तिम म्याद** : २०७८/११/१७ गते कार्यालय समयभित्र र सार्वजनिक विदा परेमा सो को भोलिपल्ट । इमेल मार्फत पेश गरिएको दरखास्त फाराम समेत सोही मितिमा कार्यालय समयभित्र नै अपलोड भइ सकेको हुनु पर्नेछ ।

५. **परीक्षाको किसिम** : लोकसेवा आयोगको पाठ्यक्रम र मापदण्ड बमोजिम छोटो सूची (Short Listing) , लिखित र अन्तर्वार्ता ।

६. **कार्य विवरण र काम गर्नु पर्ने स्थान** : प्रचलित कानुन र गाउँपालिकाले तोके बमोजिम ।

७. **सेवा सुविधा** : नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम गाउँपालिकाले निर्धारण गर्नेछ ।

८. **करार अवधि** : २०७८ आषाढ मसान्तसम्म (नियमानुसार करार थप हुन सक्ने)

९. दरखास्त दिने अन्तिम दिनसम्म सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेरको हद ननाघेको हुनु पर्नेछ ।

१०. लिखित परीक्षाको मिति, समय र स्थान दरखास्त फाराम पेश गर्ने अन्तिम दिन प्रकाशन गरिनेछ ।

११. उम्मेदवार निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

१२. अन्तर्वार्तामा आउँदा पेश गरेको कागजातको सक्कल प्रति साथमा लिई आउनु पर्नेछ ।

१३. म्याद नाघी आएको, रीतपूर्वक नभएको दरखास्त उपर कुनै कारबाही हुने छैन ।

१४. दरखास्त फाराम यस सुर्यगढी गाउँपालिकाको कार्यालय वा वेवसाइट www.suryagadhimun.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

१५. सूचनामा उल्लेख भएको विषयहरु बाहेक अन्य विषयहरुको हकमा पदपूर्ति/छनौट तथा सिफारिस समितिमा सम्पूर्ण अधिकार निहीत रहनेछ । साथै अन्य केही कुरा बुझ्न आवश्यक भएमा तथा दरखास्त दिएका उम्मेदवारहरुले दरखास्त दिए पश्चात् निरन्तर सम्पर्कमा रहन कार्यालय समयभित्र ९८५१३१०५२२ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

२०७८/११/१२

प्रमुख प्रशासकीय अधिकृत

धर्मेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत